मन्त्रिपरिषद्बाट स्वीकृत मितिः २०७८।०७।०७

# सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०७८

कर्णाली प्रदेश सरकारको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम जनयुद्ध, जनआन्दोलन र प्रदेश प्राप्तिको आन्दोलनका सहिद र बेपत्ता परिवारका सदस्यलाई सहिद स्मृति भत्ता वितरण कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०७८"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आन्दोलन" भन्नाले सम्वत् २०६२/०६३ सालको जनआन्दोलन वा सम्वत् २०७२ सालमा कर्णाली प्रदेश स्थापनाको लागि भएको आन्दोलन सम्झनु पर्छ।

(ख) "जनयुद्ध" भन्नाले सम्वत् २०५२ साल फागुन १ गते देखि सम्वत् २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व सम्झनु पर्छ।

(ग) "बैङ्क" भन्नाले नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त 'क' वर्गको बैङ्कलाई सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले सहिद वा बेपत्ता परिवारका सदस्यहरुको स्थायी ठेगाना भएको गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(च) "सहिद स्मृति भत्ता" भन्नाले जनयुद्ध, जनआन्दोलन र प्रदेश प्राप्तिको आन्दोलनका सहिद वा बेपत्ता परिवारका सदस्यलाई प्रदान गरिने जीवन निर्वाह सहिद स्मृति भत्ता सम्झनु पर्छ।

(छ) "हकवाला" भन्नाले शहिद वा बेपत्ता व्यक्तिका आमा वा बुवा, निज नभए श्रीमान् वा श्रीमती र निज पनि नभए छोरी वा छोरालाई सम्झनु पर्छ।

३. **सहिद स्मृति भत्ता प्राप्त गर्ने** : (१) कर्णाली प्रदेशमा स्थायी बसोबास भई आन्दोलन र जनयुद्धको समयमा सहिद तथा बेपत्ता परिवारका सदस्यले यस कार्यविधि बमोजिमको सहिद स्मृति भत्ता प्राप्त गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको सहिद स्मृति भत्ता स्थानीय तहबाट वितरण गरिनेछ।

४. **सूचना प्रकाशन गर्नु पर्नेः** यस कार्यविधि बमोजिमको सहिद स्मृति भत्ता प्राप्त गर्नका लागि साठी दिनभित्र सम्बन्धित स्थानीय तहमा निवेदन दिन मन्त्रालयले स्थानीय पत्रपत्रिका, एफ.एम. रेडियो र अन्य सञ्चार माध्यममा सार्वजनिक सूचना प्रकाशन र प्रसारण गर्नुपर्नेछ र त्यस्तो सूचना मन्त्रालयको वेभसाइटमा समेत राख्नु पर्नेछ।

५. **निवेदन दिनु पर्ने**: (१) सहिद स्मृति भत्ता प्राप्त गर्न देहायका कागजात सहित अनुसूची-१ बमोजिमको ढाँचामा दफा ४ बमोजिमको सूचनामा तोकिएको समयावधी भित्र सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

(क) निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) सहिद वा बेपत्तासँगको नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि,

(ग) जिल्ला प्रशासन कार्यालयबाट प्राप्त सहिद वा बेपत्ताको भएको प्रमाण खुल्ने कागजात वा बेपत्ताको हकमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले दिएको परिचयपत्रको प्रतिलिपि,

(घ) हकवालाको खाता नम्बर स्पष्ट देखिने बैंक खाता नम्बरको प्रतिलिपि,

(२) उपदफा (१) निवदेन प्राप्त भए पछि सम्बन्धित स्थानीय तहले सहिद बेपत्ता परिवारका सदस्यको विवरण सङ्कलन गरी अनुसूची-२ बमोजिम ढाँचामा मन्त्रालयमा पठाउनु पर्नेछ।

६. **रकम उपलब्ध गराउने:** दफा ५ को उपदफा (२) बमोजिमको विवरण प्राप्त भए पछि मन्त्रालयले निजको हकवालालाई प्रतिव्यक्ति मासिक रु. दुई हजार रुपैयाँका दरले सहिद स्मृति भत्ता वितरण गर्ने गरी स्थानीय तहमा रकम उपलब्ध गराउनु पर्नेछ।

७. **सहिद स्मृति भत्ता वितरण गर्नुपर्ने**: स्थानीय तहले विवरण अद्यावधिक गरी दफा ६ बमोजिमको रकम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सहिद बेपत्ता परिवारको सदस्यको हकवालाको बैंङ्क खातामा सहिद स्मृत्ति भत्ता उपलब्ध गराउनु पर्नेछ।

८. **रकम माग गर्न सक्ने:** स्थानीय तहले दफा ६ बमोजिमको सहिद स्मृति भत्ता बापतको रकम खर्च गरी थप रकम आवश्यक भएको अवस्थामा खर्चको विवरण सहित मन्त्रालयमा माग गरी पठाउनु पर्नेछ।

९. **अनुगमन गर्न सक्ने:** सहिद स्मृति भत्ता वितरणको कार्य प्रभावकारी भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्नसक्नेछ।

१०. **प्रतिवेदन पठाउनु पर्ने**: स्थानीय तहले सहिद स्मृति भत्ता वितरण गरी सोको विवरण सहितको प्रतिवेदन असार मसान्तभित्र अनुसूची-३ बमोजिमको ढाँचामा मन्त्रालयमा पठाउनु पर्नेछ।

११. **दुरुपयोग गर्न नहुने:** यस कार्यविधि बमोजिम वितरण हुने जीवन निर्वाह भत्ता दुरुपयोग भएको अवस्थामा प्रचलित कानून बमोजिम हुनेछ।

१२. **लेखा तथा लेखापरीक्षण:** स्थानीय तहले वितरण गरेको जीवन निर्वाह भत्ता खर्च निकासाको लेखा प्रचलित कानून बमोजिम राखी लेखापरीक्षण गराउनु पर्नेछ।

१३. **विवरण पेश तथा समीक्षा गर्नुपर्ने**: स्थानीय तहले जीवन निर्वाह भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण गाउँसभा वा नगर सभामा पेश गरी समीक्षा गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**<u>सहिद स्मृतिको भत्ता लागि दिने निवेदनको ढाँचा</u>**

मितिः २०७... /.... /...

श्री .............................................

.............................................

**विषयः सहिद स्मृति भत्ता उपलब्ध गराई पाउँ ।**

कर्णाली प्रदेश सरकारले जारी गरेको **"सहिद स्मृत्ति भत्ता वितरण कार्यविधि, २०७८"** बमोजिम भत्ता उपलब्ध गराईदिनुहुन देहायका कागजात यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु।

**<u>संलग्न कागजात :</u>**

(क) निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) सहिद वा बेपत्ता सँगको नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि,

(ग) जिल्ला प्रशासन कार्यालयबाट प्राप्त सहिद वा बेपत्ताको भएको प्रमाण खुल्ने कागजात वा बेपत्ताको हकमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले दिएको परिचयपत्रको प्रतिलिपि,

(घ) हकवालाको खाता नम्बर स्पष्ट देखिने बैंक खाता नम्बरको प्रतिलिपि,

हस्ताक्षर :

नामः

ठेगानाः

सम्पर्क टेलिफोन नं.

अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**<u>मन्त्रालयमा पठाउनु पर्ने विवरणको ढाँचा</u>**

मितिः २०७... /.... /...

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत ।

**विषयः सहिद तथा बेपत्ता व्यक्तिको विवरण पठाइएको सम्बन्धमा ।**

सहिद बेपत्ता परिवारका सदस्यलाई सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०७८ बमोजिम सहिद स्मृति भत्ता प्राप्तिको लागि यस गा.पा/न.पा. .....................मा रहेका सहिद तथा बेपत्ता व्यक्तिहरुको विवरण तपसील बमोजिम पठाईएको व्यहोरा अनुरोध छ ।

**सहिद तथा बेपत्ता व्यक्तिको विवरण**

| क्र. सं. | सहिद वा बेपत्ता व्यक्तिको नाम, थर र ठेगाना | **भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण** | | | | | | | स्मृति भत्ता जम्मा भएको रकम | बैंकको नाम र खाता नं. | रकम जम्मा गरिए को मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्मृति भत्ता प्राप्त गर्ने हकवालाको नाम र ठेगाना | जन्ममिति वि.सं. | नेपाली नागरिकताको प्रमाणपत्र नं. जारी मिति र जिल्ला | बाजेको नाम | बाबुको नाम | आमा को नाम | सहिद वा बेपता व्यक्ति सँगको नाता | | | | |
| | | | | | | | | | | | | |

कार्यालय प्रमुखको नामः
दस्तखतः

अनुसूची-३

(दफा १० सँग सम्बन्धित)

**भत्ता वितरणको प्रतिवेदन मन्त्रालयमा पठाउने ढाँचा**

मितिः २०७... /.... /...

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत।

**विषयः प्रतिवेदन पठाइएको सम्बन्धमा ।**

सहिद बेपत्ता परिवारका सदस्यलाई सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०७८ बमोजिम वितरण गरिएको सहिद स्मृत्ति भत्ताको विवरण तपसील बमोजिम पठाइएको व्यहोरा अनुरोध छ।

**सहिद सम्मृत्ति भत्ता वितरणको विवरण**

| क्र. सं. | सहिद वा बेपत्ता व्यक्तिको नाम, थर र ठेगाना | भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण | | | | | | | स्मृति भत्ता जम्मा भएको रकम | बैंकको नाम र खाता नं. | रकम जम्मा गरिए को मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्मृति भत्ता प्राप्त गर्ने हकवालाको नाम र ठेगाना | जन्ममिति वि.सं. | नेपाली नागरिकताको प्रमाणपत्र नं. जारी मिति र जिल्ला | बाजेको नाम | बाबुको नाम | आमा को नाम | सहिद वा बेपता व्यक्तसँग कोनाता | | | | |
| १ | | | | | | | | | | | | |

तँहा मन्त्रालयबाट प्राप्त भएको रु. ................................... प्राप्त भएकोमा कार्यविधि बमोजिम जम्मा रु ................. खर्च भै रु......................... बाँकी रहेको व्यहोरा जानकारी गर्दछु।

**कार्यालय प्रमुखः**

**नामः**

**पदः**